म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४५ शनिवार, २६ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 10 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भारतको गुवाहाटीमा हुने अन्तर्राष्ट्रिय करातेमा हेटौंडाका ८ खेलाडी

हेटौंडा, २५ पुस/हेटौंडास्थित फुल कन्ट्याक्ट क्योकुशिन करातेका खेलाडी भारत प्रस्थान गरेका छन् । भारतको आसाम राज्यको गुवाहाटीमा आयोजना हुने चौथो अन्तर्राष्ट्रिय खुला फुल कन्ट्याक्ट कराते प्रतियोगितामा सहभागी हुन हेटौंडाका ८ जना खेलाडी तथा अफिसियल त्यसतर्फ गएका हुन् । प्रतियोगितामा सहभागी हुने टोलीलाई मकवानपुर जिल्ला खेलकुद विकास समिति तथा हेटौंडा-१८ नं. वडा कार्यालयले संयुक्तरुपमा बिदाइ गरेको छ । टोलीमा रेफ्रीका रुपमा सीता श्रेष्ठ र अमृत सुनार रहेका छन् भने खेलाडीमा रोहित थापा, रिदम थापा, ज्योति लुङ्बा, सबिना आले, रेश्मा थापा र शशिप्रसाद बीके सहभागी छन् । पुस २६ र २७ गते सञ्चालन हुने प्रतियोगितामा विभिन्न देशका खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ । बिदाइ कार्यक्रममा हेटौंडा-१८ का वडाअध्यक्ष अनिल बानियाँ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राज मुक्तान, पूर्वअध्यक्ष सानु लामालगायतले खेलाडीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना व्यक्त गरेका थिए ।

# मकवानपुरमा १ हजार ९२३ जना निर्वाचन प्रहरी भर्ना गरिँदै

## ● भर्नाका लागि आवेदन खुल्ला ●

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि मकवानपुरमा १ हजार ९ सय २३ जना निर्वाचन प्रहरी भर्ना गरिने भएको छ ।

प्रतिनिधिसभा निर्वाचनलाई धाँधलीरहित र शान्तिपूर्णरुपमा सम्पन्न गर्न निर्वाचन प्रहरी भर्ना गर्न लागिएको हो । भर्नाका लागि शुक्रबार आवेदन खुल्ला गरिएको छ । भर्ना गरिने कुल संख्यामध्ये कम्तिमा ३३ प्रतिशत महिला रहने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवं प्रवक्ता पुष्कर बोगटीका अनुसार निर्वाचन प्रहरी भर्नाका लागि शुक्रबारदेखि आवेदन खुला गरिएको हो ।

इच्छुकले माघ १ गतेसम्म दर्खास्त दिन सक्नेछन् । प्रहरी कार्यालयले सार्वजनिक गरेको सूचनाअनुसार बिदाका दिनमा पनि आवेदन लिइने उल्लेख गरिएको छ ।

गृह मन्त्रालयबाट स्वीकृत मापदण्डअनुसार नेपाली नागरिक भएको हुनुपर्ने छ । साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, भर्ना हुने समयमा कुनै दलको सदस्यता नपाएको, शारीरिक र मानसिकरुपमा स्वस्थ्य, आतंककारी तथा विध्वंसात्मक संगठनको सदस्य नभएको, पुरुषको हकमा कम्तिमा ५ फिट उचाई, छातीको चौडा ३१ देखि ३३ इन्च, ५० केजी तौल तथा महिलाको हकमा कम्तिमा ४ फिट १० इन्च उचाई, ४२ केजी तौल र गर्भवती नभएको/नरहेको हुनुपर्ने योग्यता तय गरिएको छ । यो योग्यता प्रहरी र सशस्त्रका जवानको भर्नामा निर्धारण



गरिएका प्रावधान हुन् ।

निर्वाचन प्रहरीमा भर्ना हुन आवेदन दिएकामध्ये नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबाट अवकाश र उपदानमा निस्किएका, पूर्व वनरक्षक, सेना/प्रहरीमा भर्नाका लागि २०८१ माघदेखि २०८२ पुस मसान्तसम्म विभिन्न पदमा आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्णको हकमा प्रवेशपत्र पेश गर्ने, बिगतमा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह निर्वाचनमा म्यादी प्रहरी भई सन्तोषजनक काम गरेका (म्यादी प्रहरी प्रमाणपत्रअनुसार), विदेशी मुलुकका सुरक्षा निकायमा काम गरी सेवानिवृत्त नपाली नागरिकलाई भर्नामा प्राथमिकता दिइने छ । यी जनशक्तिलाई सुरक्षा व्यवस्थापनमा आधारभूत ज्ञान र तोकिएका तालिम गरिसकेको अनुभवी जनशक्ति भएर निर्वाचन प्रहरीमा भर्नामा प्राथमिकतामा राखिएको हो ।

बिगतमा झैं यसपटक पनि सरकारले १० दिन तालिम र ३० दिन फिल्डमा खटिने कार्यअवधि तोकेर निर्वाचन प्रहरी जनशक्ति व्यवस्थापन गर्न लागेको छ । यसबाहेक 'नेपाल सरकारले तोकेबमोजिम' हुने उल्लेख छ । कहिलेकाँही तय भएको मितिमा निर्वाचन हुन नसकेमा, तोकिएको कार्यअवधिभन्दा बढी खटाउनुपर्ने भएमा वा अरु नै कारण देखिएमा कार्यअवधि थपघट हुन सक्छ । अहिलेको अनुमाति अवधि हेर्दा २१ फागुनदेखि अघिको १ महिनासम्म फिल्ड र त्यसबाहेक १० दिन तालिम अवधि रहने गरी व्यवस्थापन गर्न लागिएको हो । कार्यअवधि तोकेर भर्ना गरिने निर्वाचन प्रहरीलाई प्रहरी/सशस्त्र प्रहरीका जवानले पाउने आधारभूत तलवमान र लत्ताकपडा तथा जवान सरहको रासनभत्ता दिइने व्यवस्था 'निर्वाचन प्रहरी भर्ना छनोट नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत (प्रहरी र सशस्त्र प्रहरी बल नेपाल) कार्यविधि २०८२ मा उल्लेख छ ।

जसअनुसार जवान सरहको आधारभूत तलवमानअनुसार हुन आउने रकमअनुसार एकजना निर्वाचन प्रहरीलाई दैनिक ८६९ रुपैयाँ ४० पैसाले हुने ४० दिनको ३४ हजार रुपैयाँ तलव, जिल्ला दर रेट निर्धारण समितिले तोकेअनुसार सुरक्षाकर्मीले पाएसरह ४० दिनको रासन भत्ता (जिल्लाअनुसार फरक फरक), निर्वाचनमा खटाइएको ठाउमा जान र फर्किनलाई एकपटकका लागि प्रतिव्यक्ति ८४६ रुपैयाँ (यातायात भत्ता), चार दिनका लागि प्रतिदिन ३ सय रुपैयाँका दरले खाजा खर्चबापत एक मुष्ट १२ सय रुपैयाँ तथा जिल्लाको मौसमअनुसार प्रहरी र सशस्त्रले त्यस जिल्लामा निर्धारण गरेको पोशाक भत्ता अनुसार एकसरो कपडाको खर्च उपलव्ध गराइने छ ।

यसरी दिइने सबै रकम सम्बन्धित निर्वाचन प्रहरीको बैंक खातामा पठाइनेछ । निर्वाचनमा खटिने यो जनशक्ति कर्तव्य पालनाका क्रममा घाइते भएमा घाइते स्वयं र मृत्य भएमा सरकारले तोकेअनुसारको क्षतिपूर्ति रकम नजिकको हकवालालाई उपलब्ध गराइने छ । निर्वाचन अगावै तोकिएको स्थानमा नगई गैरहाजिर हुने, जिम्मेवारी पूरा नगरी भाग्नेलाई तोकिएका कुनैपनि सुविधा नदिइने गृह मन्त्रालयबाट स्वीकृत मापदण्डमा उल्लेख छ । यस्तै कथम् निर्वाचन रद्द भएमा वा स्थगित भएमा तालिममा रहेको भएपनि नियुक्ति स्वतः रद्द/बदर हुनेछ ।

# जेनजी आन्दोलनमा साढे २३ करोड नगद खरानी, ३३ करोड चोरी



साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/जेनजी आन्दोलनमा साढे २३ करोड रुपैयाँभन्दा धेरै नोट जलेर नष्ट भएको छ । आन्दोलमा नगद क्षति साढे ७८ करोडको भएपनि जलेर नष्ट भएको २३ करोड ६९ लाख बराबर हो ।

जेनजी आन्दोलपछि बनेको अन्तरिम सरकारले गठन गरेको क्षति मूल्यांकन तथा सार्वजनिक संरचना पुनर्निर्माण योजना तयारी समितिको प्रतिवेदन २०८२ अनुसार नगद तथा बहुमूल्य वस्तु वा सम्पत्तिमा पुगेको समग्र क्षति कुल २ अर्ब ८१ करोड ३४ लाख बराबर छ । त्यसमध्ये चोरीका कारण ३२ करोड ८१ लाख रुपैयाँ क्षति पुगेको छ भने तोडफोडका कारण नगदमा पुगेको क्षति २२ करोड बराबर छ ।

कुल क्षति रकममध्ये चोरीबाट ५७.५ प्रतिशत, तोडफोडबाट ११.६ र आगजनीबाट ३०.९ प्रतिशत क्षति भएको प्रतिवेदनमा उल्लेख छ । सुन, चाँदी, हीरामोती जस्ता बहुमूल्य धातुमा समेत चोरीबाट १ अर्ब २ करोड ६४ लाख बराबर क्षति भएको छ । यस्ता धातुमा आगजनी र तोडफोडका कारण क्रमशः १३ करोड ११ लाख र ९३ लाख बारबरको क्षति पुगेको छ । यस्तै अन्य बहुमूल्य वस्तुमा पनि आगजनी र तोडफोडको तुलनामा चोरी क्षतिको प्रमुख कारण देखिएको प्रतिवेदनमा छ ।

निजी प्रतिष्ठानसँग रहेको नगद मौज्दात तथा सुनचाँदी लगायत बहुमूल्य वस्तुमा पुगेको क्षतिको रकम ५६ करोड १८ लाख बराबर छ । यो रकम निजी प्रतिष्ठानले बेहोरेको कुल क्षतिको २.६ प्रतिशत हो । नगद तथा बहुमूल्य वस्तुमा पुगेको क्षति मुख्यतः चोरी र आगजनी घटनाबाट भएको देखिन्छ । कुल क्षति रकममध्ये सबैभन्दा ठूलो अंश अन्य बहुमूल्य वस्तुको ६३.२ प्रतिशत छ । नगदतर्फ कुल २० करोड ३९ लाख क्षतिमध्ये सबैभन्दा धेरै आगजनीबाट ६७.९ प्रतिशत भएको छ भने चोरीको कारण २०.६९ प्रतिशत भएको छ ।

त्यसैगरी घरपरिवारको नगद तथा बहुमूल्य वस्तुमा भएको क्षति हेर्दा सबैभन्दा बढी क्षति सुन, चाँदी, हीरा, मोतीमा ७५ करोड ३१ लाख बराबर छ । नगदमा १२ करोड ६५ लाख र अन्य बहुमूल्य वस्तुमा ७ करोड ५८ लाख क्षति भएको प्रतिवेदनमा उल्लेख छ । क्षतिको कारणअनुसार हेर्दा चोरीबाट सबैभन्दा बढी ७३ करोड ४३ लाख, त्यसपछि आगजनीबाट १७ करोड ६ लाख र तोडफोडबाट ५ करोड ४ लाख बराबर क्षति भएको छ । सामुदायिक तथा अन्य क्षेत्रको नगद तथा बहुमूल्य वस्तुमा भएको क्षतिमध्ये नगदतर्फ ३३ करोड ७० लाख क्षति भएको देखिन्छ । अन्य बहुमूल्य वस्तुमा १६ करोड २३ लाख क्षति भएको छ ।

# भीमफेदी गाउँपालिका देशकै उत्कृष्ट ११ स्थानीय तहमा



साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ देशभरका उत्कृष्ट ११ स्थानीय तहमध्ये भीमफेदी गाउँपालिका सामाजिक सुरक्षा भत्ताका लागि ९३ दशमलब ३ प्रतिशत बायोमेट्रिक दर्ता सम्पन्न गर्दै मकवानपुरमै पहिलो बनेको छ ।

पञ्जिकरण विभागको पछिल्लो प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ का लागि सामाजिक सुरक्षा भत्ता नवीकरण तथा बायोमेट्रिक संलग्नता कार्यमा भीमफेदी गाउँपालिकाले उल्लेखनीय सफलता हासिल गरेको हो । विभागको तथ्यांकअनुसार ९३ दमलब ३ प्रतिशत बायोमेट्रिक कार्य सम्पन्न गर्दै भीमफेदी गाउँपालिकाले मकवानपुर जिल्लामै प्रथम स्थान हासिल गरेको छ । देशभरका ७५३ स्थानीय तहमध्ये ११ औँ स्थान सुरक्षित गर्दै भीमफेदी गाउँपालिका राष्ट्रियस्तरमै उत्कृष्ट पालिकाको सूचीमा पर्न सफल भएको प्रतिवेदनमा उल्लेख छ ।

पञ्जिकरण विभागको कम्प्युटर सर्भरमा पटकपटक देखिएको प्राविधिक समस्या तथा प्रणालीको सुस्तताका बाबजुद पनि गाउँपालिकाले लक्षित समयभित्रै उल्लेखनीय प्रगति हासिल गर्न सफल भएको भीमफेदी गाउँपालिका पञ्जिकरण शाखाले जनाएको छ ।

वडा कार्यालयका कर्मचारीको निरन्तर खटाइ, समर्पण र सेवाग्राहीप्रतिको जिम्मेवारीका कारण अधिकांश लाभग्राहीको बायोमेट्रिक दर्ता समयमै सम्पन्न भएको जनाइएको छ । भीमफेदी गाउँपालिकाले वडा तहका कर्मचारीको मेहनतको उच्चकदर गर्दै यस सफलताको मुख्य श्रेय वडा तहमा कार्यरत कर्मचारीलाई दिएको छ । सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई, भीमफेदी गाउँपालिकाले एक विज्ञप्ति जारी गर्दै फिल्डमा खटिएर कार्य गर्ने वडा सचिव, सहायक कर्मचारी तथा प्राविधिकको अथक मेहनतको उच्च कदर गरेको छ ।

विज्ञप्तिमा भनिएको छ 'सर्भर समस्या र भौगोलिक कठिनाइका बाबजुद पनि अहोरात्र खटिएर सेवाग्राहीको बायोमेट्रिक दर्ता गर्ने कर्मचारीको मिहेनतकै कारण आज भीमफेदी गाउँपालिका देशकै उत्कृष्ट स्थानीय तहको सूचीमा उभिन सफल भएको हो ।' पारदर्शी र सहज भत्ता वितरणतर्फ भीमफेदी गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता जस्तो संवेदनशील तथा प्रत्यक्ष मानवीय सरोकारको विषयमा देखाएको तदारुकताले अन्य स्थानीय तहका लागि प्रेरणाको स्रोत बनेको छ । समयमै बायोमेट्रिक दर्ता सम्पन्न भएसँगै आगामी आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया अझ पारदर्शी, प्रभावकारी र सहज हुने विश्वास लिइएको छ ।

सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.को

## १७ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !

उपरोक्त सम्बन्धमा यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८२ मंसिर ७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १७ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरु उपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभा सम्बन्धी कार्यक्रमः**

**मिति** : २०८२ पुस २७ गते, आइतबार

**समय** : बिहान ११:०० बजे ।

**स्थान** : ॐ वृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल

**छलफलका विषयहरुः**

१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०६२/०६३ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व. २०८१/०७२ को ले.प. प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८२/०८३ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
६) बिनियम संशोधन सम्बन्धमा ।
७) संस्थाको मर्जर सम्बन्धमा ।
८) विविध ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

चौकीटोल, हेटौंडा



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# वैज्ञानिकले बनाए नयाँ एआई, जसले निद्राकै आधारमा पत्ता लगाउँछ भविष्यमा लाग्ने रोग

शोधकर्ताहरूले एक अत्याधुनिक आर्टिफिसियल इन्टेलिजेन्स मोडेलको विकास गरेका छन् । उक्त एआईले भविष्यमा कुनै र ोगको जोखिम छ कि छैन भन्ने तथ्य हाम्रो अहिलेको निद्राको आधारमा पत्ता लगाइदिन सक्ने दावी गरिएको छ ।




स्लीप एफएम नामक उक्त एआई मोडेलले व्यक्तिको निद्राको डेटाको आधारमा भविष्यमा रोगहरुको जोखिम छ कि छैन भन्ने अनुमान गर्न सक्छ । यसले करिब १०० प्रकारका रोगहरूको बारेमा बताइदिन सक्ने वैज्ञानिकहरूले बताएका छन् ।

अमेरिकाको स्ट्यानफोर्ड विश्वविद्यालय सहित विभिन्न अनुसन्धान संस्थानका वैज्ञानिकहरूको सहकार्यमा उक्त एआई मोडेल तयार गरिएको हो । सो एआईलाई करिब ६५ हजार मानिसका ५ लाख ८५ हजार घण्टा भन्दा बढी समयको निद्राको डेटा प्रयोग गरेर प्रशिक्षित गरिएको छ । वैज्ञानिकहरूका अनुसार, यति ठूलो र गहन डाटासेटका कारण यो मोडेल अत्यन्तै सटीक परिणाम दिन सक्षम छ ।

**स्लीप एफएमले कसरी काम गर्छ ?**

नेचर मेडिसिनमा प्रकाशित अध्ययन अनुसार सुरुमा यस एआईलाई निद्रासम्बन्धी आधारभूत कार्यहरूका लागि परीक्षण गरिएको थियो । जसमा निद्राका विभिन्न चरणहरूको पहिचान र अनिद्रा रोग अर्थात् स्लीप एप्नियाको गम्भीरता मापन गरियो । त्यसपछि निद्राको डेटालाई अस्पतालका स्वास्थ्य अभिलेखसँग तुलना गरियो ।

यस क्रममा वैज्ञानिकहरूले १ हजार भन्दा बढी रोगहरूको विश्लेषण गरे । तीमध्ये करिब १३० रोगको जोखिम केवल निद्राको डेटाको आधारमै निकै सटीक रूपमा पूर्वानुमान गर्न सफल भयो ।

**निद्राको डाटा किन महत्वपूर्ण ?**

यस अध्ययनका मुख्य लेखक मध्येका एक हुन्, इम्यानुएल मिग्नोट । उनी स्ट्यानफोर्ड विश्वविद्यालयका निद्रा चिकित्सा विज्ञानका प्राध्यापक हुन् । उनका अनुसार निद्राको समयमा शरीरबाट धेरै महत्वपूर्ण संकेतहरू प्राप्त हुन्छन् । करिब ८ घण्टासम्म शरीर स्थिर अवस्थामा रहने भएकाले अत्यन्तै समृद्ध र उपयोगी डाटा संकलन गर्न सकिन्छ ।

स्लीप एफएम एआईले पोलिसोम्नोग्राफी डाटाको प्रयोग गर्छ, जसलाई निद्रा परीक्षणको 'गोल्ड स्ट्यान्डर्ड' मानिन्छ । यसमा मस्तिष्कको गतिविधि (इइजी), मुटुको धड्कन (इसिजी), मांसपेशीको हलचल, सास फेर्ने ढाँचा र नाडी तथा अक्सिजनको स्तरजस्ता सूचकहरू समावेश हुन्छन् ।

शोधअनुसार गर्भावस्थासँग सम्बन्धित जटिलता, मुटु तथा रक्तसञ्चारसम्बन्धी रोग, मानसिक स्वास्थ्यसम्बन्धी समस्या, पार्किन्सनजस्ता न्युरोलोजिकल रोग, स्ट्रोक र हार्ट फेलियर तथा क्यान्सरजस्ता रोगहरूको जोखिम पहिचानमा स्लीप एफएम एआई प्रभावकारी देखिएको छ ।

शोधकर्ताहरूका अनुसार यसले केवल एक रातको निद्राको डेटाकै आधारमा भविष्यमा हुनसक्ने फदयाघात, डिमेन्सिया तथा मिर्गौला रोग लगायतका विभिन्न घातक रोगहरूको जोखिम आँकलन गर्न सहयोग पुऱ्याउन सक्छ ।

स्लीप एफएम जस्ता एआई मोडेलहरूले भविष्यमा स्वास्थ्य परीक्षणको स्वरूप नै बदल्न सक्ने विशेषज्ञहरू बताउँछन् । महँगो र जटिल परीक्षणभन्दा अगाडि साधारण निद्रा परीक्षणमार्फत रोगको प्रारम्भिक संकेत पत्ता लगाउन सकिने सम्भावना यसले देखाएको दावी गरिएको छ ।

त्यसैले निद्रा अब केवल आरामको माध्यम मात्र होइन भविष्यको स्वास्थ्यका बारेमा थाहा पाउने आँखीझ्याल बन्दै गएको वैज्ञानिकहरूको निष्कर्ष छ ।

# सन् २०२६ मा स्मार्टफोन : इन्टरनेटबिनै चल्नेछ एआई, एक हप्ता टिक्ने ब्याट्री

विश्व स्मार्टफोन उद्योग सन् २०२६ मा ठूलो परिवर्तनको चरणबाट गुज्रिँदैछ । यो वर्ष एकातिर बढ्दो मूल्यवृद्धिले उपभोक्ताका लागि चुनौती खडा गर्न सक्ने देखिन्छ भने अर्कोतिर २० हजार मिलिएम्पियर आवर क्षमताको ब्याट्री र सुपर एआईजस्ता प्रविधिले भविष्यका लागि नयाँ मार्गहरू कोर्ने देखिन्छ ।

सन् २०२५ मा सामसङको ट्राइफोल्ड फोन र आइफोन १७ सिरिजले बजारमा तहल्का मच्चाएको थियो । सोही सिलसिलामा वर्ष सन् २०२६ मा पनि मोबाइल प्रयोगकर्ताले धेरै नयाँ तथा रोचक प्रविधिसँग साक्षात्कार गर्ने अवसर पाउनेछन् ।

समाचार अनुसार प्रविधिप्रेमीहरूका लागि वर्षको सुरुवात केही महँगो हुन सक्छ । मेमोरी चिप्स र अन्य पाटपुर्जाको बढ्दो लागतका कारण शाओमी र सामसङजस्ता ठूला ब्रान्डहरूले आफ्ना मोबाइलको मूल्य बढाइरहेका छन् । केही स्मार्टफोन कम्पनीहरूले मूल्यलाई नियन्त्रणमा राख्न र्याम तथा अन्य फिचरहरूमा कटौती गर्ने विकल्प पनि अपनाउन सक्ने जानकारी दिएका छन् ।

**सन् २०२६ मा के हुनेछ खास ?**

हामीलाई थाहै छ कि स्मार्टफोनमा एआई प्रयोग गर्न इन्टरनेटको आवश्यकता पर्छ । तर यो वर्ष इनबिल्ट एआई प्रविधि रहेका अर्थात् मा अन-डिभाइस एआईको वर्चश्व र हनेछ । यसबाट इन्टरनेट नहुँदा पनि कृत्रिम बुद्धिमत्ता प्रयोग गर्न सकिनेछ । साथै एआई फिचरहरू फोनकै हार्डवेयरमा चल्ने भएकाले गोपनीयताको सुनिश्चितता बढ्नेछ र गति पनि तीव्र हुनेछ । साथै एआई केवल फोटो सम्पादनमै सीमित नरही यसले फोनका एप्सलाई आफैं सञ्चालन गर्नसक्ने क्षमतासमेत राख्नेछ ।

**हप्ताभर चल्नेछ स्मार्टफोनको ब्याट्री**

गतवर्ष स्मार्टफोन कम्पनी अनरले १० हजार मिलिएम्पियर आवर क्षमताको ब्याट्री भएको स्मार्टफोन बजारमा ल्याएर सबैलाई चकित बनाएको थियो । तर यो वर्ष ती रेकर्डहरू तोडिने सम्भावना देखिएको छ । अर्को चिनियाँ ब्राण्ड रियलमीले निकट भविष्यमै १५ हजार एमएएच ब्याट्री भएको फोन बजारमा ल्याउने तयारी गरिरहेको छ । उता सामसङका प्रयोगशालामा चाहिँ २० हजार मिलिएम्पियर आवर क्षमताको विशाल ब्याट्रीको परीक्षण भइरहेको छ । यदि त्यो सफल भएमा एक पटक फोन चार्ज गरेपछि त्यसको ब्याट्री पूरै हप्ताभर चल्नेछ ।

**फोनको क्यामेरामा डीएसएलआरजस्तै गुणस्तर**

फोटोग्राफीका सौखिनहरूका लागि सन् २०२६ स्वप्नील हुने संकेत देखिएका छन् । अहिलेसम्म स्मार्टफोनमा २०० मेगापिक्सलको एउटा मात्र मुख्य क्यामेरा हुने गर्थ्यो । तर भिभो र ओप्पोले आफ्ना आगामी फोनमा २०० मेगापिक्सलका दुई फरक-फरक सेन्सर दिने तयारी गरिरहेका छन् । त्यस्तै आइफोन १८ प्रो म्याक्समा पहिलो पटक भेरिएबल एपर्चर फिचर आउन सक्ने अपेक्षा गरिएको छ । यसले व्यवसायिक डीएसएलआर क्यामेराबाट खिचिएको जस्तै गुणस्तरीय तस्वीर खिच्नेछ ।

**यौन स्वास्थ्य**

# उत्कृष्ट यौन जीवनका लागि मेथी

खराब जीवनशैली, तनाव, एन्जाइटी जस्ता समस्याहरुका कारण मानिसको यौन जीवनमा समस्या आउँछ । महिलाहरुमा पनि दैनिक जीवनमा आउने विभिन्न समस्याले यौन सम्बन्धी समस्या आउँछ । महिलाहरुमा सेक्स ड्राइभलाई बुस्ट गर्न लागि भान्सामा पाइने मेथी निकै महत्त्वपूर्ण हुने एक अध्ययनले बताएको छ ।



अध्ययनका अनुसार खाना तथा तरकारीमा प्रयोग हुने मेथीले महिलामा मेनोपोजसँग जोडिएका समस्याहरुलाई पनि कम गर्छ । अध्ययनले ५०० मिलीग्राम मेथी सेवन गर्ने महिलाको सेक्स लाइफसँग जोडिएका समस्या ४२ प्रतिशत कम हुन्छ ।

यसका साथै, जुन महिलामा यौनसम्पर्कको समयमा पीडा महसुस हुने, सुख्खापन हुने जस्ता समस्या छ ति महिलाले हर्बल सप्लिमेन्टको रुपमा मेथीको नियमित सेवन गर्नुपर्ने हुन्छ । यस्तै, महिनावारी हुने महिलाहरुले दिनमा दुई पटक अर्गानिक मेथी खाने गर्नुपर्छ ।

विशेषज्ञका अनुसार अर्गानिक मेथीबाट बनेको पेयपदार्थले हर्मोनलाई सन्तुलनमा राख्छ । यसले शरीरमा टेस्टोस्टेरोन र एस्ट्राडियोल नामक हर्मोनलाई पनि बुस्ट गर्छ ।

विशेषज्ञले टेस्टोस्टेरोनल हर्मोन यौन इच्छा बढाउन र यसलाई कायम राख्न मद्दतगार मानिन्छ । यति मात्र होइन यौन सम्पर्कको समयमा ल्यूब्रिकेशन, सेन्सेशन र ब्लड फ्लोलाई पनि सन्तुलनमा राख्छ ।

अनुसन्धानकर्ताका अनुसार अर्गानिक मेथीले सामान्य हर्मोनलाई सन्तुलनमा राख्ने काम गर्छ । यसको लगातार सेवनले यौनसँग जोडिएका समस्याहरुलाई कम गराउँछ ।

अनुसन्धानकर्ताका अनुसार मेथीलाई एन्टी इन्फ्लेमेटरी र लिभिडो बुस्टिङ गर्नको लागि औषधिको रुपमा लिइन्छ । यसको प्रयोग एशियाली देशहरुमा खानामा प्रयोग गर्ने गरिन्छ ।

मेथीले सेक्स हर्मोन बनाउन मद्दत गर्छ । जसमा एस्ट्रोजन र टेस्टोस्टेरोन पनि एक हो । ३० व्यक्तिहरुमा ६ हप्तासम्म गरिएको अध्ययनका अनुसार ६०० मिलिग्राम मेथीको सेवनले यौन इच्छा र यौन कार्यमा सुधार ल्याउँछ ।

# साहित्य

कथा

# मोहलाभित्र

✍ कृष्ण प्रर्साई

तेस्री श्रीमतीले पनि पुन: छोरी नै जन्माएको खबर घिमिरे माइलाको कानमा गाउँले कामदारहरुबाट सुन्नमा आयो । हलो जोतिरहेको घिमिरे माइलाले स्वास्नीले छोरी जन्माएको खबर सुन्नसाथ फत्रक्क गले जस्तो भयो । उसका नौ नारी शिथिल हुँदै आए । हलो जोत्न छोडेर ऊ लत्रक्क परेर खेतका गराको आलीमा बस्यो । उसले धेरै बेरसम्म चिउँडोमा हात राखेर उधो मुन्टो लगाएर सोचिरह्यो । हिलो आली गरेर खेतीको रोपाई गर्ने तरखरमा लागेका गाउँका छिमेकीहरुलाई यो समय हतारमा उज्यालिएको थियो । त्यसैले होला घिमिरे माइलाको यो दु:खलाई कसैले त्यति ध्यान दिएको देखिदैनथ्यो ।

धेरै बेरसम्म घिमिरे माइलाको टाउको उठेको थिएन । ऊ आफ्ना आँखाहरुलाई हिलोले भरिएका आफ्ना खुट्टाहरुतिर फ्याँकेर आफ्नै सन्तापमा पिरोलिरहेको थियो । जीवनभर उसले कुटो, कोदालो, हलो र जुवाहरुको दर्शन जोतेको थियो । धान, मकै, गहुँ र तुलफूलहरु फलाउने क्रममा आफ्ना सम्पूर्ण जाँगरहरु रोपेको थियो र उसको समष्टिगत मित्रता नै घामपानी र हिलोको साँठगाँठमा लेपिएको हुन्थ्यो । एकाध दिन कतै सोमवारे औंशी, बाबुको तिथी र नमानी नहुने चाडपर्व पर्दा मात्र ऊ घरभित्रको दलानमा बसेर हजुरबाको एउटै मात्र बचेको सम्पत्ति हुक्का तानेर रमाइलो अनुभव गर्ने मौका पाउँथ्यो नत्र त उसलाई उसका बाबुले कमाइदिएको चार बिघा खेतलाई नै जोत्नु र मलजल गरेर बाली फलाउनु बाहेक अरु सोच्न सक्ने विकल्प नै थिएन ।

पोहोर साल मात्रै हो गाउँको सभा कचहरीले उसको भए भरको इज्जत र मर्यादामा आगो सल्काएको । पोहोर मात्रै हो उसको आजसम्म आर्जन गरेको पौरखमाथि गाउँलेहरुले अविश्वास गरेर उसलाई एक्लो बनाएको । अनि पोहोर मात्रै हो घिमिरे माइलाले गाउँका संगठित जमातहरुका माझमा टुहुरो हुनु परेको । आफ्ना नाताभित्रका र आफ्नै सम्झेका एक दुई परिवारले समेत उसको बत्थ्याइँ उसकै आँखा सामु फलाक्दा घिमिरे माइलाले शिर झुकाएर नतमस्तक हुँदै मौन सहेको थियो ।

छँदा खाँदाका आफ्ना दुई दुईटी श्रीमतीमाथि पुन: अर्की सौता हाल्ने क्रममा घिमिरे माइलाले जयपुर बजारै छेउकी विधवा बिमल्नी ठूलीलाई क्षयरोग ग्रस्त अवस्थामा भित्र्याउन पुगेको थियो । नाति नातिनीको बिहे गर्नु पर्ने बेलामा आफै बिहेको बन्धनमा फसेर पोइल जाने बिमल्नी ठूलीलाई ल्याएपछि छोरी जन्मिन सक्छ कि भन्ने आशा पलाएरै होला आफ्नो शरीरमा बुढ्यौती पालिरहेको घिमिरे माइलाले यति ठूलो साहस गर्न सकेको थियो । तर समयसँग हिड्न नसक्दा समयले कति नराम्ररी उसलाई पछारी दियो त्यो तमासा हेर्ने सबैलाई थाहा भएको थियो ।

केही महिना अघिदेखि नै गाउँभरि हल्ला चर्केको थियो । घिमिरे माइलालाई चर्चाको पात्र बनाएर कुराको खेती गर्नेहरु धेरैले उसकी तेस्री श्रीमतीलाई पनि बाँकी छाडेका थिएनन् । त्यति मात्र होइन उसकी कान्छी श्रीमतीको गर्भ रहेकोमा डाह गर्ने उसकै अरु दुई श्रीमतीहरु पनि थिए जसलाई उसले केही महिनाअघि मात्र एक एक बिघा खेतबारी अंशमा छुट्याइदिएर आफ्नो खेतको पुछारमा स-साना पराले कटेराहरुमा स्थानान्तरण गराएको थियो ।

साधु गोतामेका छ जना छोरीहरुमध्ये जेठी छोरीलाई बिहे गरेको छ वर्ष नपुग्दै छोरो नजन्मेको बाहानामा साधुवा सँगकै मिलेमतोले काइँली छोरीलाई फुल्याएर माइली स्वास्नी बनाउन सफल भएको घिमिरे माइलाका बारेमा गाउँमा अरु पनि हल्ला सुन्नमा आएको थियो । तेस्रो बिहे हुनअघि कान्छी सालीमाथि समेत आँखा गाड्न पुगेको घिमिरेले उसकी साली माग्न आउने धेरै युवकहरुलाई समेत भड्काएको थियो रे । माईली श्रीमतीबाट पनि लगालग छोरीहरुमात्रै जन्मिएकाले कान्छी साली तिर एकोहोरिएको हुनुपर्छ भनेर धेरैले लख समेत काटेका थिए । आखिर कान्छी सालीले उसलाई धेरै नराम्रोसँग झुक्याएर बाहिरकै कोनी कुन लाहुरेसँग सुइकुच्चा ठोकेपछि घिमिरे माइलो हेर्‍या हेर्‍यै भयो ।

कान्छी श्रीमती भित्र्याएपछि पोहोर सालको सभाकचहरी पनि सकियो । सभा कचहरीपछि सबै गाउँलेहरुले तमासा हेर्न लायक कुरा त्यही थियो कि घिमिरे माइलाको हुनेवाला सन्तान कुन रुप रंगको हुन्छ । छोरी नै भई भने सारा गाउँका अगाडि घिमिरे माइलाले मुख नदेखाए पनि हुने थियो । परिणाम त्यही भयो जुन नहुनु पर्ने थियो ।

घिमिरे माइलाले विस्तारै टाउको माथितिर उठायो । आकाशको उत्तर पूर्वी क्षितिजभरि बालदका गाढा डफ्फाको साम्राज्य चारैतिर फैलिएको थियो । केही बथान सुगाका जोडीहरु लहर मिलाएर बादल भएको तलबाट उत्तरतर्फ बेगिइरहेका थिए । वरपरको भू भागभरि हरियाली अन्मिएको थियो । धान रोपाईंको तर खरमा लागेका सम्पूर्ण किसानहरु परिश्रम फलाउनमा जुटेका थिए । बर्खे धान, मकै र जुटपाटको फसल उठाइसकेपछिका उनीहरु बाँजो फोर्न , चास लगाउन र हिलो आली गरेर धान रोप्ने काममा तल्लिन रहेका देखिन्थे ।

बुढ्यौती बोकेको घिमिरे माइलाको अनुहार फुङ्ग उडेको थियो । उसको छेउमै काधमा जुवा थामेर उभिएका हलगोरु उग्राइरहेको थिए । हलगोरुको मुखमा लगाइएको मोहला झैं बाधकको रुपमा घिमिरे माइलाले आफ्ना नातेदार र गाउँका मान्छेहरुलाई सोचिरहेको थियो । उ ज्यादै कठोर बनेको जस्तो देखिन्थ्यो । उसमा प्रसुति पीडाबाट उठेकी श्रीमतीलाई हेर्न जाने कुनै जाँगर चलिरहेको थिएन । पूर्व स्मृतिका पानाहरु एकपछि अर्को गरेर उसका मस्तिष्कमा गिजोल्न आउँथे । मानसिक हिसाबले ऊ आफूलाई ज्यादै कमजोर सोचिरहेको थियो । लामो समयसम्म उसले आफूलाई यथार्थमा ल्याउन सकिरहेको थिएन । आफ्ना वरिपरि उसले कालो निलो मात्र देखिरहेको थियो । एकाएक उसले आफ्ना दुबै कान बजेको महसुस गर्न थाल्यो । आलीमा बसिरहेको उसलाई कस्तो कस्तो भयो । ऊ आलीमाथि उठ्न खोज्यो । लर्वरीदै भए पनि क्रमश: उठ्नमा सफल भयो । अघिदेखि दुखिरहेको टाउको एकाएक अचाक्ली दुख्न थालेपछि उसलाई रिँगटा लागेर भाउन्न भयो र केही क्षणमै आफ्नो जीउ थाम्न नसकेर डङरङ्ग भूईंमा लड्यो ।

घिमिरे माइलो एकास्सी लडेको देखेर उग्राइरहेका गोरुहरु केही हच्किएर तर्सिंदै जोतिएको हलोसहित अगाडि सरे । हिलो गरामा लडिसकेको घिमिरे माइलाको शरीर फट्फटाउन थालेको थियो । यस्तो दृश्यले छेउका हलगोरु यताउति आँखा फर्काएर भयभीत हुँदै कान ठाडो पार्दै उग्राउन छोडेर चारैतिर दृष्टि घुमाइरहेका थिए । हलोको अनौ पनि हिलो माटोमा लेपिन पुगेको थियो । अघि पूर्वमा रहेका बादलका गाढा डफ्फाहरु क्रमश: चारैतिर फैलिएर पातलिदै घिमिरे माइलाको टाउका माथिबाट उडिरहेका थिए । पानी बर्साउने संकेत दिएर मेघ गर्जिरहेको थियो ।

हिलो खेतमा लडेर फट्फटाउन छोडेको करिब दुई घन्टापछि छिमेकीको पाखा बारीमा हलोसहित रोपो कुल्चन पुगेका हलगोरुलाई धपाउन आउने छिमेकी कुल बहादुर भुजेलले चारैतिर पाटावारीले ढाकिएको बीच खेतमा लडिरहेको घिमिरे माइलाको त्यो दुर्दशा देखेपछि उसको पनि हंशले ठाउँ छोडेको थियो । केही क्षण अघि मात्र अग्नि शर्मा भएर घिमिरे माइलासँग बाझ्न तम्सेको कुल बहादुर भुजेलले त्यसपछि गाउँभरि हल्ला मच्चायो । केही क्षणमै सारा गाउँलेहरु भेला भए । खेत रोप्दै गरेका सारा खेतालाहरु पनि घिमिरे माइलो लडिरहेको ठाउँमा जम्मा भएका थिए । देवीथानका कान्छा कँडेल र घिमिरे माइलाकै छिमेकी पाठक ठूलेले उसको चोला उठिसकेको शरीरलाई उठाएर छेउको पाखामा सुताए । बिहान हलो जोत्न आएको घिमिरे माइलाको शरीरलाई जडवत् अवस्थामा त्यसरी दब्दवे हिलोबाटा निकालेर बाहिर पाखामा सार्दा सबैलाई अचम्म लागिरहेको थियो ।

धेरै दिनदेखि घिमिरे माइलासँग बोलचाल बन्द भएका जेठी र माइली श्रीमतीहरु पनि पाखा खेतमा निकालिएको घिमिरे माइलाको अचल र निष्क्रिय शरीरलाई हेरेर सुक्सुकाइरहेका थिए । घरमा सुत्केरी उत्रेकी कान्छी श्रीमतीले आफ्ना श्रीमान्को हठात मृत्युको खबर सुनेपछि मुर्छा परेर डाको छोडेकी थिइ । अझ भएभरका छोरीहरु कंकला शब्द निकालेर भीडभित्र रोइरहेका थिए ।

चारैतिर कालो नीलो भएर छाएको बादलले फट्याक्फुटुक् पानी झार्न लागेको थियो । केही समयपछि नै तीन चार जना गाउँलेहरु मिलेर घिमिरे माइलाको लासलाई उसकै घर भएतिर बोकेर लगे । सुनपानी, तुलसीपानी ख्वाउने काम गाउँकै लम्साल बाजेले जबरजस्ती मुख हालिदिएर गरे । तुलसाको मठमा मृतक घिमिरे माइलाको टाउको छेउ बसेका लम्साल बाजेलाई पानी अझ पर्न थालेपछि घरको ओत लाग्ने ठाउँमा गोबरले पोतेर घिमिरे माइलाको शवसँगै सारियो ।

घिमिरे माइलाको घर गाउँलेको भीड भाडले खचाखच भरिएको थियो । केही क्षणमै गाउँभरि ठूलो साँझ झऱ्यो । कात्रो किन्न गएको महेश्वर ओडारी अझै फर्किसकेको थिएन । पार्थिव शरीरलाई घाट लाने सुरसारले घिमिरे माइलाको घरमा बसेका अधिकांश गाउँलेहरु भोकले आक्रान्त भएर एक अर्कामा मुखामुख गरिरहेका थिए । घिमिरे माइलाकी कान्छी श्रीमती अझै मुर्छाबाट बौरिएकी थिइनन् । बिहान मात्र जन्मेकी छोरी घरको कोठाभित्र कर्कश आवाज निकालेर रोइरहेको बाहिरसम्म सुनिन्थ्यो । बाहिर पानी थामिने कुनै नाम निशान थिएन । मलामी जम्मा भएको त्यो घिमिरे माइलाको घरबाट निकै पर खेतको पाखामा आकृति मात्र देखिने हल गोरु अझै पनि हलो जुवा सहितको मोहलाभित्र उभिइरहेका थिए, मुसलधारे वर्षालाई ओढेर ।

कविता

# प्रिय मित्र



✍ निश्वत मुडवरी

कक्षा-७, नवोदय शिशु सदन

हे ! मेरो साथी । हे प्रिया मित्र  
जीवन काटौंला साथ बनाई राम्रो चित्र  
दु:ख, सुखमा सँगै हाँसौला  
साथी तिमी र म मिलेर बसौंला ।

तिमी बन आगो म बनौला पानी  
दुवै मिलिजुली नगरौं कसैलाई हानी  
हामी दुवै साथी मिली गरौं राम्रो काम,  
राम्रो काम गरी कमाऔं धेरै नाम ।

प्रिय साथी मिलिजुलीसँगै पढौंला  
तिमी र म मिलीसँगै प्रगति गरौंला  
आऊ साथी हामी मिलीजुली खेलौंला  
जीवनलाई उज्यालो बनाई अँध्यारो हटाउँला ।

जीवनलाई बनाऔं मिली राम्रो चित्रकला  
जीवन दुई दिनको भए पनि युगौं युग बाचौंला  
आऊ साथी देशको लागि राम्रो काम गरौंला  
बहुमूल्य यस जीवन नेपालमै काटौंला ।

# भलादमी

लघुकथा

✍ केशु बिरही

गुरुजीले वजाएको गाडीको आवाज र खलासीले 'ए पूर्व एक्सप्रेस, एक्सप्रेस । काकडभित्ता एक्सप्रेस' भनी कराएर निकालेको शव्द ध्वनीले कोलाहाल इटहरीलाई झनै कोलाहाल वनाईरहेको थियो । यतिकैमा खलासी भाइले 'जाऊ जाऊ गुरु' भन्यो । गुरुजीले पनि गाडी अगाडी वढाए । सदाको वन्द र हड्तालले गर्दा सवै यात्रुहरु आ-आफ्ना गन्तव्य पक्रन हतार गरिरहेका देखिन्थे । गाडी खचाखच भरिएको थियो । यात्रुहरुको ठाउँ ठाउँमा चढ्ने र ओर्लने काम भैरहेको थियो । यसैक्रममा एकजना वृद्धा गाडीमा चढ्न पुगीन । उनको साथमा एउटा सानो नानी पनि थियो । गाडी खचाखच भरिएकोले गर्दा सीट पाउने त कुरै आएन । राम्ररी खुट्टा टेक्ने ठाउँ समेत थिएन । तर जसरी पनि उनले त्यो यात्रा पूरा गर्नु पर्ने थियो क्यार । त्यसैले उनले जतिसुकै भिड भए पनि आफ्नो यात्रा पूरा गर्ने तय गरिन । हामी वसेको अलि अघिल्लो सिटमा हेर्दैमा भलाद्मी जस्ता देखिन एकजना मानिस वसेका थिए । त्यहा नेर अलि खुकुलो थियो । ती वुढी मान्छे त्यहीनेर पुगीन र ती मानिस संग भनिन-ए वावु यहा अलि खुल्ला ठाउँ रहेछ । अलि पर सर्नुहोस न मिलेर वसौं ।' उनले सुनेको नसुने झैं गरे । कतै दया पलाउछ कि भन्ने आसा लिएर ती वृद्धाले पुन: थपिन- हेर्नुहोस् न सानो नाती पनि छ । यसलाई वोकेर यात्रा गर्न त गाह्रो परिरहेको छ । वरु मिल्छ भने तपाई एक छिन उठिदिनु होस न । तपाईलाई धर्मै हुन्छ ।' त्यसो भने पछि भने ती मानिसले वृद्धाको मुखमा पुलुक्क हेरे र भने -हेर्नुहोस म पनि विरामी छु । सञ्चो भए त भैजान्थ्यो । अरु कसैलाई भन्नुहोस न ।' त्यस पछि भने ती वृद्धाले थप केही कुरा पनि गरिनन । र अरु कसैसंग अनुरोध गर्न पनि रुचाईनन । एकहातले बसको रड र अर्को हातले सानो नानीलाई समातिरहीन । मलाई भने उनको त्यो हालत देखेर दया पलायो । मैले पछाडी आएर मेरो सिटमा वस्न अनुरोध गरें । उनलाई सिट दिएर म भने झुण्डिएरै आफ्नो यात्रा पूरा गर्ने निधो गरे ।

हेर्दा हेर्दै गाढी सलकपुर हुँदै विराटचोक आईपुग्यो । त्यहाबाट एउटी युवती चढ्न पुगीन । गाडीको अवस्था पूर्ववत नै थियो । सिट कही पनि थिएन । अर्धनंग्न शरीर । छोटो पहिरन तथा अनुहार अनेकन क्रिम पाउडर र लालीले पोतिएकी ती युवतीले पनि पहिलाकी वृद्धाले झैं त्यही भलाद्मी नजिक गएर भनिन-प्लीज दाइ अलि पर सर्नुहोस् न मिलेर वसौ । उभिएर यात्रा गर्न त क्या झुर हुने रहेछ ।' षोढशीको त्यस्तो आग्रह पछि उनले पूरै शरीर नियाले र भने - भै जान्छ नि । आउनुहोस न । आईमाई केटा केटी तथा वृद्ध वृद्धाको सेवा पाउनु त मेरो अहोभाग्य नै हो ।' अझ उनले ती युवतीको हात समाउदै भने अलि सजिलो गरी वस्नुहोला नत्र लडिन्छ नि । वरु अप्ठ्यारो भएमा म उठिदिउँला ।'

अलि अघि सम्म मात्र एउटी वृद्धाले अलि पर सर्नुहोस न नानी मिलेर वसौं । तपाईलाई धर्मै हुन्छ भन्दा विरामी भएको वाहाना गर्ने तर एउटी तरुनीलाई भने आफ्नो पूरै सिट समेत सुम्पन पछि नपर्ने ती भलाद्मीलाई सवैले हेरेको हेर्‍यै भए ।

# चितवनमा चुनाव लड्न अनिच्छुक एमाले नेता



चितवन/नेकपा (एमाले) को हालै सम्पन्न भएको ११ औँ महाधिवेशनबाट चितवनका ८ नेता केन्द्रीय सदस्यमा निर्वाचित भए । उपाध्यक्षमा रामबहादुर थापा बादल विजयी हुँदा महासचिवमा सुरेन्द्र पाण्डे पराजित बने । महाधिवेशनमा विभिन्न आयोगमा थप दुई जना नेताहरू विजयी हुँदा, एक जना केन्द्रीय सदस्य उम्मेदवार पराजित बने ।

एमाले चितवनमा मात्रै एक दर्जनभन्दा बढी सिनियर नेताको पंक्ति छ । तर, आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवार हुन भने यी केन्द्रीय नेता अनिच्छुक देखिएका छन् ।

एमालेले बुझाएको समानुपातिकको बन्द सूचीमा उपाध्यक्ष रामबहादुर थापा बादल, यमबहादुर परियार र प्रभा बराललाई राखिएको छ । यी बाहेकका अन्य नेता प्रत्यक्ष चुनाव लड्न पाउँछन् । तर उनीहरु चुनाव लड्न अनिच्छुक देखिएका छन् । एमालेका एक जिल्ला पदाधिकारीले आगामी चुनाव लड्न केन्द्रीय सदस्यहरुले इच्छा नगरेको बताए ।

चितवन क्षेत्र नम्बर ३ बाट आगामी निर्वाचनका लागि एमाले भरतपुर महानगर कमिटीका अध्यक्ष शंकर थपलियालाई सर्वसम्मत उम्मेदवार चयन गरेर सिफारिस गरिएको छ । यो क्षेत्रबाट एमाले केन्द्रीय सदस्यहरु पार्वती रावल, बालिका गिरी र युवा नेता निशा अधिकारी केन्द्रीय सदस्य छन् । रावलले आफू यसअघि ३ पटकसम्म संसदीय निर्वाचन लडेको, राष्ट्रिय सभा सदस्य बनेको र स्वास्थ्यको समेत समस्या भएको भन्दै नयाँ साथीहरूलाई मौका दिन प्रस्ताव गरेकी थिइन् ।

यस्तै अर्की केन्द्रीय सदस्य निशा अधिकारी र बालिका गिरीले चुनाव लड्न इच्छा नै राखेनन् । यो क्षेत्रबाट केन्द्रीय सदस्य बनेका यमबहादुर परियार समानुपातिक सूचीमा छन् ।

केन्द्रीय सदस्य उठेर पराजित बनेका रामप्रसाद न्यौपानेले उम्मेदवार हुने इच्छा जाहेर गरेनन् । उनी २०८० वैशाखमा भएको उपनिर्वाचनमा चितवन क्षेत्र नं. २ बाट चुनाव लडेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग पराजित बनेका थिए ।

नेकपा एमाले चितवन क्षेत्रीय समवन्यका कमिटीका अध्यक्ष सुदिप रेग्मीले पुराना र पटक-पटक उठिसकेका नेतालाई भन्दा पनि नयाँ नेतालाई मौका दिन खोजिएको दावी गरे । यस्तै चितवन क्षेत्र नं. २ बाट तीनपटक निर्वाचन लडेर २ पटक जित र एकपटक हार ब्यहोरेका एमाले केन्द्रीय सदस्य कृष्णभक्त पोखरेलले यसपटक निर्वाचन नलड्ने बताए । '३ पटकसम्म चुनाव लडेँ, अब कति लड्ने, जनताले नयाँ मान्छे खोजेका छन्, नयाँ साथीलाई पठाऔँ, सधैँ कति उसैलाई मात्रै भोट दिने भनेर जनताले भनेको सुनियो,' बैठकमा पोखरेलले राखेको भनाइ उद्धृत गर्दै एक पदाधिकारीले संचार कर्मीसँग भने, 'उहाँको चुनाव लड्ने मनासय देखिएन ।'

एमाले चितवनका जिल्ला इन्चार्जसमेत रहेका देवी ज्ञवालीले पनि पटक-पटक आफूले निर्वाचन लडेको र पारिवारिक कारणले यसपटक उम्मेदवार नबन्ने बताए । २०५४ सालमा तत्कालीन भरतपुर नगरपालिकाका नगर उपप्रमुख भएका ज्ञवाली २०६४ मा चितवन-२ बाट उम्मेदवार बनेर तत्कालीन माओवादी केन्द्रका नेता नारायण दाहालसँग पराजित बनेका थिए ।

२०७४ को स्थानीय तहको निर्वाचनमा भरतपुर महानगर पालिकाको मेयर उठेका ज्ञवाली रेनु दाहालसँग पराजित बनेका थिए । २०७९ मा चितवन निर्वाचन क्षेत्र नं. २ को प्रदेश क्षेत्र 'ख' बाट उम्मेदवार बनेका उनी कांग्रेस-माओवादीसहितको ५ दलीय गठवन्धनका उम्मेदवार उत्तम जोशीसँग निकै कम मतले पराजित बनेका थिए । चितवन-२ बाट उम्मेदवार हुन सक्ने सम्भावना भएका अर्का नेता विजय सुवेदीले पनि यसपटकको निर्वाचन उठ्ने इच्छा नराखेको एमालेका नेताहरू बताउँछन् ।

चितवन-२ बाट पोल्ट्री विज्ञसमेत रहेका डा.तिलचन्द्र भट्टराईलाई उठाउने तयारी एमालेको छ । उनी एमालेको सल्लाहाकार परिषद्को पूर्व सदस्य पनि हुन् । यस्तै चितवन क्षेत्र नं. १ बाट क्षेत्रीय कमिटीले ६ जना उम्मेदवारको नाम जिल्ला कमिटीमा सिफारिस गरेको थियो । क्षेत्रीय कमिटीले सिफारिस गर्दा एमाले निवर्तमान उपाध्यक्ष एवम् महाधिवेशनमा महासचिव पदमा पराजित बनेका सुरेन्द्र पाण्डेको नाम छुटाइएको थियो ।

पाण्डेले आफू निर्वाचन लड्ने भनेर कुनै पनि नेतालाई नभनेको कारणले उनी छुटेको एमाले नेताहरु बताउँछन् । जिल्ला कमिटीले प्रदेशमा पठाएको नाममा पनि पाण्डेको नाम समावेश छैन । पाण्डेले क्षेत्रीय तथा जिल्ला कमिटीले आफ्नो नाम हालेर पठाउनुपर्ने दावी गर्दै आएका छन् । क्षेत्र नं. १ बाट एमाले केन्द्रीय सदस्य रहेका जगन्नाथ थपलिया बागमती प्रदेशका सांसद छन् भने अर्का केन्द्रीय सदस्य प्रभा बराल समानुपातिक सूचीमा समावेश छिन् ।

एमालेले सुरेन्द्र पाण्डेलाई उम्मेदवार बनाउन चाहे उनी नै चितवन क्षेत्र नं. १ बाट उम्मेदवार हुन सक्नेछन् । यदि पाण्डे उम्मेदवार नभएको खण्डमा एमाले बागमती प्रदेश कमिटीका उपाध्यक्ष दावा लामा वा जिल्ला अध्यक्ष कमलराज पाठक मध्ये एक जना चितवन क्षेत्र नं. १ बाट आगामी निर्वाचनका लागि उम्मेदवार बन्न सक्नेछन् । पाण्डे यो क्षेत्रबाट २०७० र २०७४ सालमा विजयी बन्दा २०७९ मा राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकालसँग पराजित बने । ढकाल पहिले एमालेकै कार्यकर्ता हुन् ।

एमालेका एक अगुवा कार्यकर्ता खेमराज भट्टराईले आगामी निर्वाचनमा जिल्लाबाट केन्द्रमा प्रतिनिधित्व गर्ने नेताहरू भाग्न नहुने बताउँछन् । उनले चितवन क्षेत्र नं. ३ बाट देवी ज्ञवाली, २ बाट कृष्णभक्त पोखरेल र क्षेत्र नं. १ बाट सुरेन्द्र पाण्डेलाई उम्मेदवार बनाएर पार्टी चुनावमा जानुपर्ने धारणा राखे । 'माछा परे दुलो भित्र हात, सर्प परे दुलो बाहिर हात गरेर हुँदैन, एकमना एकताका साथ चुनावमा होमिए एमालेलाई विस्तारै पुरानै अवस्थामा फर्काउन सकिन्छ,' भट्टराई भन्छन्, 'आफैं-आफैं झगडा गरेर दोष थुपारेर सकिने काम नगरे हुने हो ।'

एमाले जिल्ला अध्यक्ष कमलराज पाठकले जिल्लाबाट केन्द्रमा प्रतिनिधित्व गर्ने अधिकांश नेताहरुले यसपटक आफू उम्मेदवार नबनेर नयाँ र युवाहरुलाई उठाउन खोजे जस्तो देखिएको दावी गरे । 'नेताहरूले पटक-पटक उठ्यौं अब युवाहरु उठ्नुस् भन्नुभयो,' अध्यक्ष पाठकले भने, 'हामीले जिल्लामा आएका सर्वसम्मत र सिफारिस भएका नाम पठाएका छौं, प्रदेश र केन्द्रले जसलाई टिकट दिन्छ उसैलाई बोकेर चुनावमा जान्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# सहार ग्यासका असुरक्षित ७३६ थान एलपी ग्यास सिलिण्डर नष्ट



साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ हेटौंडा-३ बसामडीस्थित सहारा ग्यास इन्डष्ट्रिज प्रालिले ७ सय ३६ थान एलपी ग्यास सिलिण्डर नष्ट गरेको छ ।

उपभोक्ताको सुरक्षालाई मध्यनजर गर्दै प्रयोग गर्न असुरक्षित देखिएका ग्यास सिलिण्डर नष्ट गरिएको उद्योगले जनाएको छ । शुक्रबार उद्याग परिसरमा साहारा लोगो अंकित म्याद गुज्रेका, विभिन्न कारणबाट लिकेज भएका, प्वाल परेका, फुटरिङ, नेकरिङ बिग्रिएका, हाइड्रोलिक टेष्टमा फेल भएका सिलिष्डर नष्ट गरिएको हो । गुणस्तर तथा नापतौल कार्यालय, स्थानीय जनप्रतिनिधि, प्रहरी, सञ्चार कर्मीको रहोवरमा सिलिन्डर नष्ट गरिएको हो । सहारा ग्यास इन्डष्ट्रिजले यसअघि २०७९ सालमा पनि ६ सय ३७ थान सिलिण्डर नष्ट गरेको कम्पनीका प्रबन्धक खड्गबहादुर थापाले बताए । असुरक्षित सिलिण्डर प्रयोगले हुनसक्ने जोखिम न्यूनीकरणका लागि नष्ट गरिएको उनले जानकारी दिए ।

एलपी ग्यास जस्तो अतिप्रज्वलनशील पदार्थको सुरक्षित प्रयोग सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व भएको सरोकारवाला निकायका प्रतिनिधि बताउँछन् । असुरक्षित र मापदण्ड विपरितका ग्यास सिलिन्डर प्रयोगले मानवीय र भौतिक क्षति हुने भन्दै कम्पनीको मात्रै नभई राज्यको पनि दायित्व हुने उनीहरुको भनाई रहेको छ । असुरक्षित सिलिन्डर बजारमा पुग्न नदिन निजी उद्योगको प्रयास मात्रै पर्याप्त नहुने उनीहरुको धारणा रहेको छ ।

गुणस्तर तथा नापतौल कार्यालय वीरगंन्जका प्रमुख कमल ओझाले सिलिन्डर ढुवानी तथा ओसारपसार गर्दा उपभोक्ता तथा व्यवसायीले सुक्षित तवरले गर्नुपर्ने बताए । लापरवाहीपूर्ण तरिकाले सिलिन्डर ओसारपसार गर्दा सिलिन्डर कमजोर हुने यसले दुर्घटना निम्त्याउने भएकाले सावधानीपूर्वक ढुवानीकार्य गर्नुपर्नेमा उनको जोड रहेको थियो । सहाराले विभिन्न ब्रान्ड र नामाबाट सातै प्रदेशमा एलपी ग्यास रिफिलिङ उद्योग सञ्चालन गर्दै आएको छ ।

### कांग्रेस बागमती प्रदेशका ५ पदाधिकारीको अपिल:

# विशेष महाधिवेशनमा सक्रिय सहभागी बनौं



साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिका पाँच पदाधिकारीले विशेष महाधिवेशनमा सहभागिताका लागि अपिल गरेका छन् ।

बागमती प्रदेश कार्यसमितिका उपसभापतिद्वय चन्द्र महर्जन र मोहनबहादुर बस्नेत, कोषाध्यक्ष डा. भद्रा पराजुली भण्डारी तथा सहमहामन्त्रीद्वय ऋषिराम घिमिरे र हरिशरण श्रेष्ठले विशेष महाधिवेशनमा सहभागिताका लागि अपिल गरेका हुन् । शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै उनीहरुले कांग्रेसको विधान (२०१७ संशोधन सहित) को वैधानिक व्यवस्था अनुरुप ५४ दशमलब ५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष कारण खुलाइ माग गरेको विशेष महाधिवेशनलाई औपचारिकरुपमा सम्बोधन गर्नु केन्द्रीय कार्यालयको जिम्मेवारी र दायित्व रहेको बताएका छन् ।

उनीहरुले लामो असहजतालाई चिर्दै विधि र पद्धतिलाई ऐक्यबद्धता गरेकोमा महामन्त्रीद्वय लगायत सकारात्मक पहल गर्ने केन्द्रीय नेतृत्वलाई धन्यवाद दिएका छन् । नेपाली कांग्रेसको विधानको धारा १७ (२) बमोजिम २७ र २८ पुसमा काठमाडौंको भृकुटीमण्डपमा हुन गइरहेको ऐतिहासिक दोस्रो विशेष महाधिवेशनमा सक्रिय सहभागिताका लागि बागमती प्रदेश भित्रका सबै महाधिवेशन प्रतिनिधिलाई अपिल गरेका छन् । विशेष महाधिवेशनको औपचारिक उद्घाटन कार्यक्रममा सहभागी हुन कांग्रेसका अग्रज एवं शुभेच्छुकहरुसँग आग्रह गरेका छन् ।

# आधाभन्दा धेरै स्थानीय तहमा गरिबी दर राष्ट्रिय औसतभन्दा माथि




काठमाडौं/नेपालमा आधाभन्दा बढी स्थानीय तहमा गरिबी दर राष्ट्रिय औसतभन्दा माथि रहेको पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको तथ्यांक अनुसार ३ सय ९ स्थानीय तहमा गरिबी दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम छ । तर, ४ सय ४४ स्थानीय तहको गरिबी दर भने राष्ट्रिय औसतभन्दा बढी देखिएको कार्यालयले जनाएको छ ।

कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार नेपाल जीवनस्तर सर्वेक्षणबाट आएको नतिजालाई राष्ट्रिय तथ्यांक कार्यालयले जनगणनासँग विश्लेषण गरी गरिबीको लघुक्षेत्र अनुमान गरेको हो ।

यसमा कार्यालयले अन्तर्राष्ट्रिय स्तरमा प्रचलित विधि प्रयोग गरी ७७ जिल्ला र ७ सय ५३ स्थानीय तहमा गरिबीको तथ्यांक अनुमान गरेको हो ।

नेपाल जीवनस्तर सर्वेक्षणको नतिजा भने आर्थिक वर्ष २०८०/८१ मै सार्वजनिक गरिएको थियो । सोही अनुसार नेपालमा वार्षिक ७२ हजार ९ सय ८ रुपैयाँ प्रतिव्यक्ति खर्च गर्न नसक्ने व्यक्तिलाई गरिबीको रेखामुनि राखिएको थियो ।

यसअघि २०६६/६७ मा वार्षिक १९ हजार २ज सय ६१ रुपैयाँ वार्षिक प्रतिव्यक्ति खर्च आधार मानी गरिबीको रेखा अनुमान गरिएको थियो । नेपाल जीवनस्तर सर्वेक्षणले निकालेको राष्ट्रिय औसतको तुलनाका धेरै स्थानीय तहको स्तर तल रहनुबाट धनी र गरिबबीचको खाडल उच्च रहेको संकेत गरेको छ ।

सहरमा १८.३४ प्रतिशत गरिबी रहेको छ भने ग्रामीण भेगमा २४.६६ प्रतिशत गरिबी छ । प्रदेशगत हेर्दा सबैभन्दा बढी गरिबीको दर सुदूरपश्चिम र सबैभन्दा कम गण्डकीमा छ । प्रतिवेदन अनुसार स्थानीय तहमा गरिबीको दर न्यूनतम १.१८ देखि ७७.८९ प्रतिशतसम्म छ ।

**जाजरकोटको जुनीचाँदे गाउँपालिकामा सबैभन्दा धेरै गरिबी**

तथ्यांक अनुसार नेपालमा सबैभन्दा बढी गरिबी दर रहेको स्थानीय तह जाजरकोटको जुनीचाँदे गाउँपालिका रहेको पाइएको छ । त्यहाँ स्थानीय तहमा ७७.८९ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखिएको छ ।

सबैभन्दा कम गरिबीको दर भने मुस्ताङमा छ । मुस्ताङको घरपझोङ गाउँपालिकामा गरिबीको दर १.१८ प्रतिशतमात्र रहेको तथ्यांकले देखाएको छ ।

संख्याका आधारमा भने सबैभन्दा धेरै गरिबी काठमाडौं महानगरपालिकामा छ । यस पालिकामा ५९ हजार २ सय १८ जना गरिबीको रेखामुनि रहेको तथ्यांक छ । महानगरमा गरिबीको रेखामुनि ६.८७ प्रतिशत जनसंख्या रहेको तथ्यांकले देखाएको छ ।

**अछाममा धेरै गरिबी, कम कास्की**

जिल्लागत हेर्दा धेरै गरिबी अछाममा छ । यस जिल्लामा ४९.५८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छ । सबैभन्दा कम गरिबी भने कास्कीमा ५.६३ प्रतिशतमात्र छ ।

जिल्लागत गरिबीको दर विश्लेषण गर्दा ३४ जिल्लाको राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम र ४३ जिल्लाको राष्ट्रिय औसतभन्दा माथि छ ।

कार्यालयका अनुसार यस तथ्यांकले गरिबी निवारणमा नयाँ नीति निर्माण, योजना तथा बजेट कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सहयोग हुने विश्वास लिइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# चेकबाट ५ लाखभन्दा बढी नगद निकाल्न नमिल्ने



काठमाडौं/नेपाल राष्ट्र बैंकले ५ लाख रुपैयाँभन्दा धेरैको चेक साटेर नगद झिक्न नपाइने व्यवस्था गरेको छ । केन्द्रीय बैंकले ५ लाखभन्दा माथिको चेक जारी गर्दा एकाउन्ट पेयी अनिवार्य गर्दै यस्तो व्यवस्था गरेको हो ।

केन्द्रीय बैंक यसभन्दा अघिको १० लाखसम्मको नगद कारोबार घटाइ ५ लाखमा झारेको हो । सरकारले सम्पत्ति शुद्धीकरण न्यूनीकरण गर्न नगद कारोबारलाई १० लाखबाट ५ लाखमा घटाएको थियो । सोही निर्णय नेपाल राजपत्रमा प्रकाशित भए पनि केन्द्रीय बैंकले चेकबाट प्रतिपटक झिक्न सकिने नगद ५ लाख कायम गरेको हो । साथै, ५ लाखभन्दा धेरै रकम सम्बन्धित व्यक्तिको खातामा मात्रै जम्मा हुन सक्ने व्यवस्था गरेको हो ।

कुनै पनि व्यक्ति वा संस्थाले हरेक पटकको कारोबार नगदमा गर्दा ५ लाखभन्दा कम र त्यसभन्दा धेरैको गर्नुपर्दा एकाउन्ट पेयी चेकमार्फत गर्नुपर्ने व्यवस्था गरेको छ । तर, यो व्यवस्थाले कुनै पनि परिवारले सामाजिक कार्य गर्न वा व्यापार मार्फत नगद संकलन गरेको अवस्थामा भने असर नगर्ने राष्ट्र बैंक प्रवक्ता गुरु पौडेलले बताए ।

केन्द्रीय बैंकको निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाले ५ लाख वा त्यसभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य एकाउन्ट पेयी चेक वा सम्बन्धित व्यक्तिको खातामा मात्र भुक्तानी गर्नुपर्ने छ । साथै फर्म, कम्पनी, संस्था वा कार्यालयका नाममा खिचिएका चेकको भुक्तानी समेत एकाउन्ट पेयी नै हुनुपर्ने छ ।

तर, कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाइ नगद भुक्तानीका लागि दिएको निवेदनको बेहोरा र कारण मनासिब देखिए त्यस्तो निक्षेपकर्ता वा बचतकर्तालाई उल्लेखित सीमाभन्दा बढी नगद भुक्तानी गर्न सक्नेछन् । त्यसरी भुक्तानी दिएको मासिक विवरण अद्यावधिक गर्नुपर्ने छ ।

त्यस्तै लघुवित्त वित्तीय संस्थाले पनि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को उद्देश्यमा समेत सहयोग पुर्‍याउन ५ लाख वा त्यसभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य एकाउन्ट पेयी चेकमार्फत गर्नुपर्ने व्यवस्था केन्द्रीय बैंकले गरेको छ ।

### सरकारमा बस्ने मन्त्रीलाई कुनै दलतिर ढल्कने छुट छैन: गृहमन्त्री अर्याल

# बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा ललितपुरमा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारमा बस्ने मन्त्रीलाई कुनै दलतिर ढल्कने छुट नभएको बताएका छन् ।

शुक्रबार ललितपुरमा आयोजित बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा मन्त्री अर्यालले जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारको म्यान्डेट स्मरण गराएका हुन् । गृह मन्त्रालय र बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा संयुक्तरुपमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ, प्रदेशका आन्तरिक मामिला मन्त्री लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको उद्घाटन गर्दै गृहमन्त्री अर्यालले वर्तमान सरकारको म्यान्डेट तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्नु र सुशासन कायम गर्नु रहेको बताए ।

सरकार निर्वाचनमा होमिसकेकाले तोकिएको मितिमा नै निर्वाचन हुनेमा शंका नगर्न सम्बन्धित सबैपक्षलाई आग्रह गरे । जेनजी जनआन्दोलन सुशासन कायमको लागि भएको बताउँदै सुशासन कायम राख्न सरकार कटिबद्ध भएको बताए । तोकिएको मितिमा निर्वाचन नभएमा देशले संकट सामना गर्नुपर्ने अवस्था आउनसक्ने बताउँदै मन्त्री अर्यालले सरकारले तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्ने र सरकारले गरिरहेका काम सम्बन्धमा हौसला प्रदान गरी सरकारको मनोबल बढाइदिन पनि सम्बन्धित सबैपक्षलाई आग्रह गरे ।

गोष्ठीमा बागमती प्रदेशका मुख्यमन्त्री बानियाँले सरकारमा रहेका मन्त्रीको गतिविधिले निर्वाचनको वातावरण बिगार्न सक्नेतर्फ सचेत गराए । स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सुरक्षा निकायलाई आवश्यक साधनस्रोतले सम्पन्न बनाउनुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री बानियाँले कृत्रिम बौद्धिकता (एआई), इन्टरनेट र सामाजिक सञ्जालको प्रयोगबाट फैलिन सक्ने भ्रामक समाचार र त्यसले आसन्न निर्वाचनमा पार्न सक्ने असरप्रति पनि ध्यानाकर्षण गराए । यस्ता भ्रम र गलत सूचनाबाट सचेत रहन गृह मन्त्रालय र सुरक्षा निकायलाई उनले विशेष आग्रह गरे ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### प्रधानमन्त्री कार्कीद्वारा निर्वाचन आयोग र सुरक्षा प्रमुखसँग छलफल

# 'निर्वाचन सुरक्षितरुपमा सम्पन्न गराउन तयार छौँ'

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचनको तयारी र सुरक्षा व्यवस्था लगायतका विषयमा निर्वाचन आयोगका प्रमुखसहित सुरक्षा निकायका उच्चअधिकारीसँग छलफल गरेकी छिन् ।

प्रधानमन्त्री कार्यालय सिंहदरबारमा भएको छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरुको उपस्थिति रहेको थियो । छलफलमा आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउने विषयमा केन्द्रित रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । २०८२ भदौमा जेनजी आन्दोलनपछि अन्तरिम सरकारको नेतृत्व सम्हालेकी प्रधानमन्त्री कार्कीले निर्वाचनलाई शान्तिपूर्ण र व्यवस्थित बनाउन सुरक्षा निकायलाई आवश्यक निर्देशन दिएकी छिन् । उनले निर्वाचन आयोगलाई निर्वाचन तयारी तिब्र पार्न आग्रह गर्दै सबै पक्षलाई निर्वाचन प्रक्रियामा सहभागी हुन अपिल गरिन् ।



सुरक्षा निकायले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई भयरहित र सुरक्षित रुपमा सम्पन्न गराउन पूर्णरुपमा तयार रहेको बताएका छन् । सिंहदरबारमा बसेको राष्ट्रियसभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा सुरक्षा निकायका प्रतिनिधिहरुले यस्तो जानकारी गराएका हुन् । राष्ट्रिय सुरक्षा परिषद्को बैठकबाट निर्वाचनलक्षित एकीकृत सुरक्षा योजना पारित भइसकेको उल्लेख गर्दै सोही योजनाअनुसार आपसी समन्वय र सहकार्यमार्फत अघि बढिरहेको जानकारी गराए । नेपाली सेनाका सहायकरथी मनोज थापाले तोकिएको मितिमा निर्वाचन गर्नु मुलुकको अपरिहार्य आवश्यकता रहेको भन्दै त्यसका लागि नेपाली सेना तयार रहेको बताएका छन् ।

उनले निर्वाचनको क्रममा हुनसक्ने सुरक्षा खतराको विश्लेषण गरी आवश्यक गृहकार्य भइरहेको उल्लेख गरे । उनले विगतका अधिकांश बारुदी सुरुङ तथा विस्फोटकपदार्थहरु नष्ट भइसकेको भन्दै कँहीकतै फेला परेमा सूचना आदानप्रदानका आधारमा बम डिस्पोजल टोली परिचालन गरिने बताएका छन् । नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी) उमाप्रसाद चतुर्वेदीले विस्फोटकपदार्थ भेटिनुभन्दा पनि नयाँ बम बनाउने मानसिकता झनै खतरनाक रहेको टिप्पणी गरे । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला सुरक्षा समितिमार्फत लामो तथा छोटो दूरीका गस्ती निरन्तर सञ्चालन भइरहेको जानकारी दिए ।

उनले आपराधिक गतिविधि नियन्त्रण र फरार कैदीबन्दी खोजीका लागि समिति नै गठन गरी काम भइरहेको बैठकसमक्ष जानकारी गराए । सशस्त्र प्रहरी बल नेपालका अतिरिक्त महानिरीक्षक (एआईजी) गणेश ठाडामगरले तीनवटै सुरक्षा निकाय एकीकृत सुरक्षा योजनाको कार्यान्वयनमा सक्रिय रहेको भन्दै निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गरिने बताए । सुरक्षा निकायका प्रतिनिधिले आपसी समन्वय, अतिरिक्त जनशक्ति र लक्षित सुरक्षा रणनीति मार्फत निर्वाचनलाई शान्तिपूर्ण र विश्वसनीयरुपमा सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

### इन्द्रसरोवरमा माघ १९ गतेदेखि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता हुने

# मनहरीमा शनिबारदेखि राष्ट्रपति रनिङशिल्ड सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ विद्यालय तहका बालबालिकाको लागि सबैभन्दा ठूलो खेल महोत्सवको रुपमा रहेको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता मनहरी गाउँपालिकामा शनिबारदेखि सुरु हुने भएको छ ।

मनहरी गाउँपालिकामा रहेका संस्थागत तथा सामुदायिक विद्यालयमध्य कक्षा ८ देखि १२ सम्म संचालन भएका १९ विद्यालयमध्य १७ विद्यालयले प्रतियोगितामा सहभागी हुन लागेको आयोजक विद्यालय पशुपतिनाथ माविका शिक्षक बिपिन थापाले जानकारी दिएका छन् । मनहरीमा पहिलोपटक पशुपतिनाथ माविमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता हुन लागेको विद्यालयकी प्रअ सपना लामाले बताइन् । प्रतियोगिताको सबै तयारी पूरा भएको विद्यालयले जनाएको छ । यसहघि शुक्रबार मनहरी गाउँपालिकाले शिक्षक भलिबल प्रतियोगिता आयोजना गरेको थियो ।

९ वटै वडामा रहेका विद्यालयको ९ टिम सहभागी प्रतियोगितामा वडा नं. ३ र ७ फाइनलमा पुगेको भलिबलका कार्यक्रम संयोजक राजेन्द्र न्यौपानेले जानकारी दिएका छन् । प्रतियोगितामा एकसय ३० जना शिक्षकको सहभागिता रहेको मनहरी गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुलीले जानकारी दिए । मनहरी गाउँपालिका सामाजिक विकास संयोजक अनन्तप्रकाश अर्यालको सभाध्यक्षतामा भएको प्रतियोगिताको उद्घाटन गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले गरेका थिए ।

यसैगरी इन्द्रसरोवर गाउँपालिकामा आगामी माघ १९ गतेदेखि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना हुने भएको छ । गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता माघ १९ देखि २१ गतेसम्म हुने गाउँपालिका शिक्षा शाखाप्रमुख धर्मानन्द पन्तले जानकारी दिए । शिक्षा शाखाप्रमुख पन्तका अनुसार इन्द्रसरोवर-२ स्थित पालिकाको खेलमैदानमा प्रतियोगिता हुने बुधबार एक सूचना जारी गर्दै सबै माध्यमिक विद्यालयलाई प्रतियोगितामा सहभागिताका लागि आह्वान गरेको छ ।

प्रतियोगितामा छात्र र छात्राबीच छुट्टाछुट्टै भलिबल र एथ्लेटिक्स तर्फका विभिन्न प्रतिस्पर्धा हुनेछन् । एथ्लेटिक्स अन्तर्गत रिले दौड, हाइजम्प, लङजम्प, ट्रिपल जम्प, ज्याभलिन थ्रो र सटपुट थ्रो हुनेछन् । चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म अध्ययनरत १८ वर्षमुनिका विद्यार्थीमात्रै प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रत्येक खेलाडीले एथ्लेटिक्सका इभेन्टमा एक खेलाडीले बढीमा एक फिल्ड र दुई ट्र्याक वा दुई फिल्ड र एक ट्र्याकमा भाग लिन पाउनेछन् ।

# प्रशासन सेवाका १६ जना उपसचिवको सरुवा




साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ बागमती प्रदेश सरकारले १६ जना उपसचिवको सरुवा गरेको छ । पुस २३ गतेको निर्णय अनुसार प्रदेश प्रशासन सेवाका १६ जना नवौं तहका अधिकृत (उपसचिव) हरुको सरुवा भएको हो ।

प्रदेश सरकारले प्रशासनिक कामलाई थप प्रभावकारी बनाउन र सेवाप्रवाहलाई चुस्त राख्न यो नियमित सरुवा गरिएको जनाएको छ । सरुवा हुनेहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग पर्यटन, यातायात व्यवस्था कार्यालय लगायतका अधिकृत रहेका छन् । प्रदेश सरकारले आर्थिक मामिला तथा योजना मन्त्रालयमा कार्यरत श्रीकृष्ण आचार्यलाई उद्योग तथा वाणिज्य कार्यालय काठमाडौं पठाइएको छ भने उद्योग तथा वाणिज्य कार्यालय काठमाडौंमा कार्यरत यादवनाथ आचार्यलाई उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय हेटौंडामा सरुवा गरिएको छ ।

यातायात व्यवस्था कार्यालय कलंकीमा कार्यरत रीता यादवलाई प्रदेश सुशासन केन्द्र ललितपुर र सामाजिक विकास मन्त्रालयमा कार्यरत अमृत अधिकारीलाई यातायात व्यवस्था कार्यालय चितवन, स्वास्थ्य मन्त्रालय मकवानपुरमा कार्यरत कुमार पोखरेललाई प्रदेशसभा सचिवालय हेटौंडा र प्रदेशसभा सचिवालयमा कार्यरत विनोद प्रधानलाई संस्कृति तथा पर्यटन मन्त्रालय हेटौंडामा जिम्मेवारी दिइएको छ । यस्तै, श्रम रोजगार तथा यातायात मन्त्रालयमा कार्यरत विमल भट्टराईलाई यातायात व्यवस्था कार्यालय हेटौंडा र सोही कार्यालयमा कार्यरत प्रवीण श्रेष्ठलाई श्रम रोजगार तथा यातायात मन्त्रालयमा ल्याइएको छ ।

संस्कृति तथा पर्यटन मन्त्रालय, हेटौंडाका प्रकाश अधिकारीलाई यातायात व्यवस्था कार्यालय, राधेराधे, भक्तपुरको प्रमुखमा सरुवा गरिएको छ । उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, मकवानपुरका पुष्कर चन्द्र घिमिरेलाई सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौंडामा कार्यरत सुरेश खनाललाई यातायात व्यवस्था कार्यालय, कलंकी, प्रदेश सुशासन केन्द्र, ललितपुरमा कार्यरत नुमानन्द अधिकारीलाई आर्थिक मामिला तथा योजना मन्त्रालय, यातायात व्यवस्था कार्यालय, चितवनका विष्णुकुमार भट्टराईलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौंडा, यातायात व्यवस्था कार्यालय, खुर्कोट, सिन्धुलीमा कार्यरत ताराकिरण राईलाई उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर, यातायात व्यवस्था कार्यालय, राधेराधे, भक्तपुरका डण्डबहादुर बस्नेतलाई प्रदेशसभा सचिवालय, हेटौंडा, उद्योग तथा वाणिज्य कार्यालय, ललितपुरका सन्तोष मोक्तालाई स्वास्थ्य मन्त्रालयमा सरुवा गरिएको छ ।

# शैक्षिक तथा खेलकुद सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/हेटौंडा उपमहानगरपालिका-१९ लेखपानीस्थित जीवनज्योति आधारभूत विद्यालयका विद्यार्थीका लागि द हेटौंडा अप्टिमिस्ट क्लबले शैक्षिक तथा खेलकुद सामग्री र जुत्ता वितरण गरेको छ ।



शुक्रबार विद्यालय परिसरमा आयोजित कार्यक्रममा क्लबले ३९ जना विद्यार्थीलाई कापीकलम, खेल सामग्री (बल, भलिबल) तथा जुत्ता हस्तान्तरण गरेको हो । विद्यालयमा धेरै बालबालिका नाङ्गो खुट्टा विद्यालय आउने गरेको अवस्था देखेपछि जुत्ताको आवश्यकता महसुस गर्दै क्लबले सहयोग गरेको जनाएको छ । द हेटौंडा अप्टिमिस्ट क्लबका अध्यक्ष जनक सुवेदीले हेटौंडा उपमहानगर पालिकाभित्रै यति विकट अवस्था देख्दा आफू भावविह्वल भएको बताए । 'बत्तीमुनिको अँध्यारो जस्तै अवस्था यहाँ भेटियो,' उनले भने, 'यो दायित्व स्थानीय सरकारको भएपनि मानवीय संवेदनाका कारण क्लबले सहयोग गरेको हो । आगामी दिनमा पनि आवश्यक सहयोग निरन्तर गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

अध्यक्ष सुवेदीकै सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रेमबहादुर गोले, विद्यालयका प्रधानाध्यापक कुमारसिंह गोले, संस्थाका पूर्वअध्यक्ष ओमप्रसाद चौलागाईं, निवर्तमान अध्यक्ष उज्ज्वल शर्मा भण्डारी, निर्वाचित अध्यक्ष उत्तमप्रसाद भण्डारी तथा संस्थापक अध्यक्ष एवं वर्तमान निर्वाचित गभर्नर सरोजचन्द्र भट्टराईलगायतको उपस्थिति थियो । खेलकुद सामग्री र जुत्ता पाउँदा विद्यार्थीको अनुहारमा चमक देखिएको थियो । विभिन्न संघसंस्था र व्यक्तिको सहयोगले हाल विद्यार्थीले न्यानो कपडा, कापीकलमलगायत आधारभूत आवश्यक सामग्री पाउन थालेका छन् ।

द हेटौंडा अप्टिमिस्ट क्लब २०१८ सालमा हेटौंडामा स्थापना भएको हो भने अप्टिमिस्ट इन्टरनेशनल सन् १९१९ मा अमेरिकामा स्थापना भएको संस्था रहेको अप्टिमिस्टी इनटरनेशनल एसिया डिस्ट्रिकका ई.गभर्नर शरदचन्द्र भट्टराईले जानकारी दिए ।

# सिद्धार्थको स्वर्ण महोत्सवमा ९५० जनाको आँखा जाँच

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले विद्यालय स्थापनाको ५० औं वर्षको अवसरमा स्वर्ण महोत्सव विविध कार्यक्रमको आयोजना गरी मनाउन सुरु गरेको छ ।

स्वर्ण महोत्सव मनाउने क्रममा विद्यालय परिसरमा बिहीबार र शुक्रबार भएको नि:शुल्क आँखा शिविरमा ९५० जना विद्यार्थीको आँखा जाँच गरिएको छ । आँखा शिविरको पहिलो दिन ५२१ जना विद्यार्थीको आँखा जाँच गरिएको थियो । विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्णले आँखा जाँचका क्रममा जटिल समस्या देखिएका विद्यार्थीको उपचारमा विद्यालयले सहजीकरण गर्ने जानकारी दिए । ईसिडीदेखि १२ कक्षासम्म अध्ययनरत विद्यार्थीको आँखा जाँच गरिएको थियो ।

आँखा जाँचका क्रममा केही विद्यार्थीको आँखामा समस्या रहेको पाइएको विद्यालयले जनाएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा शनिबार पनि आँखा शिविर आयोजना गरिने भएको छ । यस्तै शनिबार नै विद्यालयले विद्यार्थीलाई लक्षित गरी दन्तशिविरको आयोजना गर्दैछ । विद्यालयले आगामी माघ २ गतेदेखि ८ गतेसम्म विविध कार्यक्रमको आयोजना गरी स्वर्ण महोत्सव मनाउँदै छ । विद्यालयको स्वर्ण महोत्सवका अवसरमा हेटौंडा २ स्थित सिद्धार्थ टोल विकास संस्था र सिद्धार्थ माविको एसएलसी २०५६ ब्याचका विद्यार्थीको समूहले एक लाख ६३ हजार ९७१ रुपैयाँ स्वर्ण महोत्सवका लागि सहयोग प्रदान गरेका छन् ।


## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**

- न्यानो कपडा, टोपी, मोजा, पञ्जा अनिवार्य प्रयोग गरौं।
- घाम ताप्ने, हल्का व्यायाम गर्ने बानी बसालौं।
- अत्यधिक चिसोमा बिहान-साँझ बाहिर ननिस्कौं।
- भिजेका कपडा तुरुन्तै फेरेर शरीर सुकाऔं।

**जेष्ठ नागरिकका लागि विशेष ध्यान**

- लामो समय चिसोमा बस्न नदिनुहोस्।
- नियमित औषधि समयमा सेवन भएको सुनिश्चित गर्नुहोस्।
- बढी चिसो वा ज्वरो आए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।
- तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस्।

**बालबालिकालाई जोगाउने तरिका**

- न्यानो र सफा कपडा लगाइदिनुहोस्।
- नवजात शिशु विशेष सुरक्षा-चिसो हावा सिधै नलाग्ने व्यवस्था ।
- तातो, पचिलो खाना र पर्याप्त तातोपानी पिउन दिनुहोस्।
- खोकी, ज्वरो वा सास फेर्न गाह्रो भए तुरुन्त स्वास्थ्यकर्मी सम्पर्क गर्नुहोस् ।

**घरभित्र ध्यान दिनु पर्ने कुराहरू**

- न्यानो र हावापास हुने व्यवस्था मिलाओस् ।
- हीटर/अंगिठी सुरक्षित प्रयोग गरौं ।
- धुवाँ-धुलोबाट जोगाउने उपाय अपनाऔं ।

**आपतकालीन अवस्था**

- शरीर अत्यधिक चिसिनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुनु, बेहोसजस्तो हुनु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस् ।

हेटौंडा उपमहानगरपालिका
१३ नं. वडा कार्यालय
पदमपोखरी, हेटौंडा, मकवानपुर



## २७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०७/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २७औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ ।

**साधारण सभा हुने :**
मिति: २०८२/०९/२६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: हेटौंडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरु:**

१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन सम्बन्धमा ।
२. साधारण सभाको बैधानिकता सम्बन्धमा ।
३. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
४. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
५. वार्षिक प्रगती एवं भावी नीति कार्यक्रम सहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
६. कोषाध्क्षज्यूबाट आ.ब.२०८१/२०८२ को लेखापरिक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. आ.व. २०८२/०८३ को साधारण सभा पूर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
१०. आ.व. २०८३/०८४ को साधारण सभा पूर्वको पेश्की बजेट सम्बन्धमा ।
११. विनियम २०५५ र आर्थिक तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा ।
१२. आ.व.२०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा ।
१४. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
१५. संस्थाको आवश्यकता अनुसार घर घडेरी खरिद एवं बिक्री अख्तियारी सम्बन्धमा ।
१६. समितिको बैठक तथा अन्य सुबिधा निर्धारण सम्बन्धमा ।
१७. संचालक समिति र लेखा सुपरिवेक्षण समितीको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१८. संस्था संचालनमा अग्रिम कार्यादेश सम्बन्धमा ।
१९. बिबिध ।

(**नोट:** साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा संस्थाद्वारा उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य २ लिटर प्रदान गरिनेछ ।)

इश्वर पण्डित
सचिव

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय, हेटौंडा-२, पल्पसा रोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७



## इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।

इन्फ्लुएन्जा (फ्लू) बाट बचन:

- नियमित रुपमा साबुन पानीले हात धुने गरौं ।
- खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं ।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं ।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं ।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं ।
- सफा, ताजा र पोषिलो खाना खाऔं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं ।
- स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना